# प्रदेश स्वास्थ्य निर्देशनालय रास्ट्रीय पोषण क्षेत्र बैठक
# पोषण क्रियाकलापहरुको बर्तमान अवस्था

डा. रबिन खड्का
निर्देशक, स्वास्थ्य सेवा निर्देशनालय
कर्णाली प्रदेश

१ श्रावण २०७७ (१६ जुलाई २०२१)

# प्रगति सम्बन्धि केहि झलकहरु

- प्रदेश तथा जिल्ला स्थित स्वास्थ्यकर्मिहरुलाई कडा तथा मध्यम खालको कुपोषण भएका बालबालिकाको सरलीकृत व्यवस्थापन बारे अभिमुखिकरण सम्पन्न भएको छ । (simplified approach for treating wasted children)
- CNSI तालिम पछि दैलेख जिल्लामा ७ वटा बहिरङ्ग उपचार केन्द्रको स्थापना भएको र ६ वटा प्रक्रिया मा रहेको छ।
- युनिसेफको प्राविधिक सहयोग, सुआहारको प्रविधिक तथा आर्थिक सहयोगामा स्वास्थय सेवा दैलेखले बहिरङ्ग उपचार केन्द्र (OTC) स्थापना भएका र गरिने स्वास्थ्य संस्थाका प्रमुख र पालिकाका स्वास्थ्य शाखा प्रमुख लाई दुई दिने बहिरङ्ग उपचार केन्द्र स्थापना, गुण्स्तरीय व्यवस्थापन तथा उपचार सम्बन्धि अभिमुखिकरण सम्पन्न भएको छ ।
- कर्णालीका ५ जिल्लाहरुमा संचालित "आमा तथा बाल स्वास्थ्य र पोषण कार्यक्रम (MCHN)" अन्तर्गत २०७७/२०७८ आ. ब. मा स्वास्थ्य सेवा निर्देशनालय बाट खरिद प्रक्रियामा लागिएको सम्पूर्ण ७५८ मेट्रिक टन पौष्टिक आहारको उत्पादन, गुणस्तर जाँच र जिल्ला स्थित गोदामहरु सम्म ढुवानी कार्य योजना औनुरूप सम्पन्न भएको छ ।
- MCHN कार्यक्रम अन्तर्गत कर्णालीका ५ जिल्लाहरुमा जुन २०२१ मा २८,४७१ जनाका लागि (११,३६१ गर्भवती तथा सुत्केरी महिला र स्तनपान गराइरहेकी आमाहरु तथा १७,११० बालबालिकाहरु ६ देखि २३ महिना सम्मका) कुल ८५.४१३ मेट्रिक टन पौष्टिक आहार वितरण भयो। जुन महिनाको वितरणमा भएको भौतिक प्रगति ९७.८० % हो।
- कोभिड १९ सम्बन्धित नियेमित १० वटा एफएमहरु मार्फत प्रत्यक दिन १२ पटक संचार सामग्रीको प्रशारण कार्य निरन्तर रुपमा भै रहेको छ ।

# प्रगति सम्बन्धि केहि झलकहरु

- सुआहारा कार्यक्रमबाट आ. ब. २०७८/२०७९ का लागि कर्णाली प्रदेशका ५ जिल्लामा ४ करोड ४२ लाख रुपैया प्रस्तावित गरिएको छ ।
- दैलेखमा सुआहारा र स्वास्थ्य कार्यालयको सहयोगमा IMAM/CNSI कार्यक्रम अन्तर्गत OTC संचालन सम्बन्धि २ दिने कार्यशाला गोष्ठी तथा ७ वटा OTC हरु स्थापना गर्ने गतिविधिहरु सम्पन्न भयो । OTC स्थापना सुर्खेत र सल्यान जिल्लाहरुमा पनि स्थापना हुने कार्य यथावत छ ।
- सुआहाराको सहयोगमा एसएमएस पद्धति र टेलिफोन मार्फत स्वास्थ्य पोषण र कोभिड सम्बन्धि गर्भवती तथा सुत्केरी र स्तनपान गरिरहेकी महिलाहरुलाई परामर्श दिने कार्य निरन्तर भैरहेको छ । टेलिफोनको मध्यम बाट महिला स्वास्थ्य स्वयंसेविका, स्वास्थ्य संस्था, ओ. टि. सि. र ग्रामिण नौमना किसानहरुलाई गुणस्तरीय सेवा प्रदान गर्न सकुन भन्ने हेतुले प्राबिधिक सहयोग

# २४ जुन २०२१ सम्मको पोषण सामाग्रीहरुको अन्तिम मौज्दातको अवस्था

**१४ जुलाई २०२१ सम्म उपलब्ध पौष्टिक आहारको अन्तिम मौज्दातको बिवरण:**

- **जिल्लास्थित मुख्य गोदामहरुमा अन्तिम मौज्दात**: ३६८.७१४ मेट्रिक टन
- **स्वास्थ्य संस्थाहरुमा रहेको अन्तिम मौज्दात**: ९५.९२० मेट्रिक टन
- **कुल अन्तिम मौज्दात को परिमाण**: ४६४.६३४ मेट्रिक टन

# मुख्य चुनौतिहरु तथा जोखिम न्यूनीकरणका उपायहरु

| चुनौतिहरु | न्यूनीकरणका उपायहरु |
|---|---|
| • आमा तथा बाल स्वास्थ्य र पोषण कार्यक्रम अन्तर्गत २०७८/२०७९ आ. ब. का लागि श्रावण २०७८ देखि नै पौष्टिक आहार खरिद प्रक्रियाको शुरुवात गर्नु पर्ने हुन्छ । | • प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, स्वास्थ्य सेवा निर्देशनालय, सामाजिक बिकाश मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय तथा प्रदेश योजना आयोगसंग समन्वय गरि श्रावण २०७८ देखि खरिद प्रक्रिया शुरु गर्नका लागि शिघ्र पहल गर्ने । |

# आगामी दिनमा गरिने कार्यहरु

- CNSI तालिम सम्पन्न भएको जिल्ला जस्तै दैलेख, सल्यान र सुर्खेतमा बहिरंग उपचारात्मक केन्द्रहरुको स्थापना गरिने छ ।
- युनिसेफको सहयोगमा कोभिड १९ को *परीप्रेक्ष्यमा पोषण लाई उच्च प्राथमिकता दिंदै हजार दिनका आमाहरु लक्षित सामाजिक व्यवहार परिवर्तन* तथा संचार कार्यहरु संचालन गरिनेछ आवश्यकिय स्वास्थ्य सेवाहरुको संचालन तथा निरन्तरतामा जोड दिईनेछ ।
- आमा तथा बाल स्वास्थ्य र पोषण कार्यक्रम अन्तर्गत २०७८/२०७९ आ. ब. मा खरिद गर्नु पर्ने पौष्टिक आहारका लागि प्रदेश स्तरमा प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, स्वास्थ्य सेवा निर्देशनालय, सामाजिक बिकाश मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय तथा प्रदेश योजना आयोग संग आवश्यक समन्वय गर्ने कार्यको शिघ्र थालनि गरिनेछ ।

# दैलेख जिल्लाका बहिरङ्ग उपचार केन्द्र (OTC) स्थापना भएका र गरिने स्वास्थ्य संस्थाका प्रमुख र पालिकाका स्वास्थ्य शाखा प्रमुख लाई अभिमुखिकरण






# मुगु जिल्लाको नाथार्पु र रुगा स्वास्थ्य संस्थाहरुमा पोषण परामर्श कार्य तथा महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविकाहरुका लागि एक दिने अभिमुखीकरण कार्यक्रमबारे एक झलक






# सुआहाराको सहयोगमा टेलिफोन मार्फत परामर्श दिने कार्य र नियमित बृद्धि अनुगमनको केहि झलक



Suaahara Community Nutrition Facilitator counselled to HHs/FCHVs based on Job Aid/guideline



# THANK YOU